नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
# जल तथा मौसम विज्ञान विभाग

मितिः २०७७।१२।१०

पत्र संख्या :
च. नं. :

## प्रेस विज्ञप्तिः विश्व मौसम दिवस २०२१

विश्व मौसम संगठन स्थापना भएको दिन (सन् १९५० को मार्च २३) को स्मरणमा हरेक वर्ष मार्च २३ का दिन नेपाल लगायत विश्वव्यापी रुपमा विश्व मौसम दिवस (World Meteorological Day) मनाईदै आएको छ । यसै उपलक्ष्यमा जल तथा मौसम विज्ञान विभाग परिवार मौसम तथा जलवायु क्षेत्रमा चासो राख्नु हुने सरोकारवालाहरु लगायत सम्पूर्ण जनसमुदायमा हार्दिक शुभकामना व्यक्त गर्दछ।

यस बर्षको विश्व मौसम दिवसको नारा "The ocean, our climate and weather" रहेको छ, जसले मौसम तथा जलवायुको महासागरसँगको अन्योन्याश्रित सम्बन्धलाई उजागर गरेको छ।

पृथ्वीको करिब ७१% भाग समुद्रले ढाकेको छ र मौसम तथा जलवायुको उतार चढावमा यहि समुद्रको ठुलो प्रभाव रहेको छ। विश्वव्यापी रुपमा दिन प्रतिदिन भुमण्डलीय तापमानमा भैरहेको वृद्धिले जलवायु चक्रको प्राकृतिक स्वरुपमा परिवर्तन भैरहेको छ।हिमालका हिउँ पग्लदै गइरहेका छन भने समुद्रमा पानीको सतह बढ्दै गइरहेको अवस्था छ।मौसम प्राणालीहरुको स्वभावमा अस्वाभाविक फेरबदल भइरहेको छ। जसको फलस्वरुप, नेपालमा पनि अत्यधिक गर्मी, खडेरी, भारी वर्षा, शितलहर, चटयांग जस्ता विषम मौसमी अवस्थाहरुमा बढोत्तरि भैरहेको छ। यस्ता मौसम र जलवायुजन्य विपद्हरुबाट प्रत्येक वर्ष हुने जनधनको क्षति न्यूनिकरण हाम्रा लागि प्रमुख चुनौति बनेको छ।

मौसम पूर्वानुमानलाई समय सापेक्ष सहि, भरपर्दो र विश्वसनीय बनाउन तथा पूर्वसूचना प्रणालीको थप विकास र विस्तार तथा जलवायुको विश्लेषण र आंकलनलाई थप प्रभावकारी बनाउने विषयलाई यस विभागले उच्च प्राथमिकता राखेको व्यहोरा जानकारी गराउँदछौं। विश्व मौसम दिवसको आजको दिनले सर्वसाधारण देखि नीति निर्माताको तहसम्म मौसम तथा जलवायुको महत्वबारे ध्यानाकर्षण गर्दै सचेतना जगाउने अपेक्षा गरिएको छ।

..............................................
सुमन कुमार रेग्मी
प्रवक्ता

ववरमहल, काठमाडौ ☎ ०१४२१९०५२, ०१४२१५३९६, ०१४२५८२२४, ०१४२५८२७६, ०१४२१५१३१, फ्याक्सः ०१४२६४२१९, पो.व.नं. ४०६
ईमेलः info@dhm.gov.np, वेवः www.dhm.gov.np